आज मिति २०८१ साल माघ ३ गतेका विहानको ९:३० बजे झिमरुक गाउँ कार्यपालिकाको आ.व.२०८१/८२ को नवौं बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | झिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | झिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | धुवराज खनाल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मिनबहादुर खत्री | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर वस्नेत | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता बि.क. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलसा के.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर बि.क | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर थापा | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) |
| | हरि प्रसाद पोखेल | अधिकृत छैठौं |

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा ।**
**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८१/९/२८ गते बसेको आठौं बैठकबाट आ.व. २०८१/८२ को लागि स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान कार्यक्रम अर्न्तगत विद्यालयहरु उपभोक्ता समितिबाट भवन निर्माणको कार्यअगाडि बढाउने निर्णय गरिएकोमा सम्झौता लगायतका प्रक्रिया अगाडि बढेको, आ.व. २०८१/८२ को प्रदेश समपुरक अन्तर्गतका आयोजनामा पहिलो ठेक्का लगाई वचत भएको रकमबाट पुनः सोही आयोजनामा दोस्रो ठेक्का लगाउने निर्णय भएकोमा स्टमेट लगायतका प्रक्रिया अगाडि बढेको लगायतका विषयमा समिक्षा गरियो ।

**प्रस्ताव नं. २ आ.व.२०८१/८२ को स्विकृत कार्यक्रम अन्तर्गत सडक बोर्ड नेपालको आयोजना छनोट सम्वन्धमा ।**
**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल गर्दा सडक बोर्ड, नेपालको च.नं. ४३९ मिति २०८१/६/१३ गतेको आ.व. २०८१/८२ को वजेट स्वीकृत सम्वन्धी पत्र अनुसार स्थानीय सडक मर्मत संभार कार्यको लागि व.उ.शी नं. ३३७३१०११३ अन्तर्गत रु १९ लाख स्वीकृत भई आएकोले प्राप्त रकमलाई ८० प्रतिशत मानी गाउँपालिकाबाट २० प्रतिशत लागत साझेदारी गर्नको लागि म्याचिङ्गफण्ड शीर्षकबाट रु ४ लाख ७५ हजार रकम साझेदारी गरी तपसिल बमोजिमका आयोजनाहरु छनोट गर्ने सर्वसम्मत निर्णय गरियो । साथै उक्त आयोजनाहरु उपभोक्ता समितिवाट कार्यान्वयन गर्न नियमानुसार समिति गठन गरी सम्झौता प्रक्रिया अगाडि वढाउने र आवश्यक कागजातहरु सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौंमा पठाउने निर्णय गरियो ।

तपसिल

| क.स | आयोजनाको नाम | सडक बोर्डको रकम | ग.पा.को लागत साझेदारी | उपभोक्ताहरुको लागत साझेदारी | जम्मा रकम रु |
|---|---|---|---|---|---|
| १ | झिमरुक गा.पा. प्रशासकीय भवन जाने मोटरबाटोमा आर.सि.सि ढलान निर्माण कार्य | १८,००,०००। | ४,५०,०००। | २,३६,३१२।८६ | २४,८६,३१२।८६ |
| २ | झिमरुक गा.पा. प्रशासकीय भवन देखि चुधरी खोलासम्म मोटरबाटो स्तरउन्नती | १,००,०००। | २५,०००। | १४,३२३।३३ | १३९३२३।३३ |

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

**कृष्ण बहादुर थापा**
**प्रमुख प्रशासकीय अधिकृत**